केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि. ⁄ नीति ⁄ परिपत्र ⁄ २१ ⁄ ०६५ ⁄ ६६ मिति : २०६५ ⁄ ०८ ⁄ १६

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट प.सं. बै.वि.नि.वि. ⁄ नीति ⁄ परिपत्र ⁄ १४ ⁄ ०६५ ⁄ ६६ मिति २०६५ ⁄ ०६ ⁄ १७ को परिपत्रको बुँदा नं. ७ मा ***"तोकिएको पूँजीकोष अनुपात कायम गरेका बैंक तथा वित्तीय संस्थाहरूको हकमा हकप्रद शेयर जारी गर्दा कुनै शेयरधनीले खरिद नगरेमा वा शेयर खरिद गर्ने हक अरूलाई बिक्री वा हस्तान्तरण नगरेमा त्यसरी बिक्री हुन नसकेको हकप्रद शेयरको अंश स्वतः खारेज गर्नुपर्नेछ । यसरी खारेज गर्नुपर्ने अवस्थामा प्रत्येक वर्ष समानुपातिक रूपमा चुक्ता पूँजी वृद्धि गर्दै लैजानु पर्ने यस बैंकको प्रावधान पालना गर्ने प्रयोजनका लागि त्यस्तो खारेजी गर्नु परेको शेयरको रकमको हदसम्मलाई आगामी वर्षमा समायोजन गर्न सकिने छ "*** भन्ने व्यवस्था कायम भएकोमा सो को सट्टामा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम भएको हुँदा सोही बमोजिम गर्नु ⁄ गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

(क) तोकिएको पूँजीकोष अनुपात कायम गरेका बैंक तथा वित्तीय संस्थाहरूको हकमा हकप्रद शेयर जारी गर्दा बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ७(१) बमोजिम सर्वसाधारणलाई विक्री वितरण गरिएको शेयर धारण गर्ने कुनै शेयरधनीले खरिद नगरेमा वा शेयर खरिद गर्ने हक अरूलाई बिक्री वा हस्तान्तरण नगरेमा त्यसरी बिक्री हुन नसकेको हकप्रद शेयरको अंश खण्ड (ग) मा उल्लेखित अवस्थामा बाहेक अन्य अवस्थामा स्वतः खारेज गर्नुपर्ने ।

(ख) खण्ड (क) बमोजिम खारेज गर्नु परेको अवस्थामा प्रत्येक वर्ष समानुपातिक रूपमा चुक्ता पूँजी वृद्धि गर्दै लैजानु पर्ने यस बैंकको प्रावधान पालना गर्ने प्रयोजनका लागि त्यस्तो खारेजी गर्नु परेको शेयरको रकमको हदसम्मलाई आगामी वर्षमा समायोजन गर्न सकिने ।

(ग) खण्ड (क) बमोजिम स्वतः खारेज गर्नुपरेको कारणबाट प्रचलित कानूनी तथा नीतिगत व्यवस्था बमोजिम शेयर स्वामित्व संरचनामा प्रतिकुल असर पर्ने अवस्था भएमा मात्र त्यस्तो शेयरको अंश सार्वजनिक सूचना मार्फत सार्वजनिक बोलकवोलको आधार (Public Auction Basis) मा न्यूनतम प्रति शेयर मूल्य रु. १०० तोकी विक्री गर्न सकिने । यसरी सार्वजनिक बोलकवोलको माध्यमद्धारा विक्री गर्दा प्रति शेयर रु. १०० भन्दा बढी प्राप्त हुन आउने रकम (Premium) लाई सम्वन्धित बैंक तथा वित्तीय संस्थाले छुट्टै Share Premium शीर्षक अर्न्तगत देखाउनुपर्ने ।

(घ) संस्थापक ⁄ संस्थापक समूह अन्तर्गतको विक्री हुन नसकेको यस्तो हकप्रद शेयरको अंश प्रचलित व्यवस्था अनुरुप विद्यमान संस्थापकहरुलाई विक्री गर्न सकिने । अन्य नयाँ व्यक्तिहरुलाई विक्री गर्नुपर्दा यस बैंकको पूर्व स्विकृति लिएको हुनुपर्ने । यस प्रकृयाबाट शेयर खरिद गर्ने व्यक्ति ⁄ संस्था प्रचलित व्यवस्था अनुसार योग्यता पुगेको हुनुपर्ने ।

भवदीय,

(नारायण प्रसाद पौडेल)
निर्देशक

__बोधार्थ :__

१. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
६. श्री नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु ।
७. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
८. श्री नेपाल धितोपत्र बोर्ड, थापाथली, काठमाण्डौं ।
९. श्री नेपाल धितोपत्र विनिमय बजार लिमिटेड, सिंहदरवारप्लाजा, काठमाण्डौं ।
१०. श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं ।
११. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।